दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २७१ | बुटवल | २०८१ असोज ११, गते शुक्रबार | नेपाल संवत ११४४ | Friday Sept.27, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्भनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)
फोन:- ०७१५४२५७१

## दुई दिन रात्रिबस नचलाउन आग्रह

बुटवल । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले असोज ११ र १२ गते रात्रिकालीन बस नचलाउन आग्रह गरेको छ ।

जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले आगामी तीन दिन भारी वर्षा हुने जानकारी गराएसँगै प्राधिकरणले हिमाली र पहाडी जिल्लाहरूमा रात्रिकालीन बस नचलाउने निर्णय गरेको हो ।

मनसुन पूर्वतयारी तथा प्रतिकार्य कमान्ड पोस्टको निर्णयअनुसार अन्त्यन्त जरुरी अवस्थामा रहेका बाहेक अन्य यात्रा नगर्ने लगायतका निर्णय गरेको प्रवक्ता डा. डिजन भट्टराईले जानकारी दिए । त्यस्तै, धान तत्काल नकाट्न र काटिसकेको भए थन्काउन पनि आग्रह गरिएको छ ।

## दुर्घटनामा एकको मृत्यु

नेपालगञ्ज । बाँकेको राप्तीसोनारी-४ धामपुरमा दुई वटा मोटरसाइकल एक आपसमा ठोक्किँदा एक जनाको मृत्यु भएको छ भने एक जना गम्भीर घाइते भएका छन् ।

इलाका प्रहरी कार्यालय बैजापुर बाँकेले दिएको जानकारी अनुसार राप्तीसोनारी ४ धामपुर बर्काटोलस्थित बिलौनादेखि अगैयातर्फ जाँदै गरेको भे ७ प ४३४० नम्बरको मोटरसाइकल र विपरीत दिशातर्फबाट आउँदै गरेको भे १२ प ८४२० नम्बरको मोटरसाइकल बिहीबार दिउँसो ठोक्किएको थिए । सो दुर्घटनामा परेर भे ७ प ४३४० नम्बरको मोटरसाइकल चालक नेपालगञ्ज उपमहानगरपालिका २० राझाँ बस्ने वर्ष ४७ का लोकबहादुर वंशी र भे १२ प ८४२० नम्बरको मोटरसाइकल चालक राप्तीसोनारी ६ फत्तेपुर बस्ने वर्ष २५ का राधेश्याम थारु गम्भीर घाइते भएका थिए ।

दुवै जना घाइतेको उद्धार गरेर तत्काल नेपालगञ्ज मेडिकल कलेजको नेपालगञ्ज शिक्षण अस्पतालमा पुऱ्याइएकोमा उपचारका क्रममा लोकबहादुर वंशीको मृत्यु भएको इलाका प्रहरी कार्यालय बैजापुरका प्रहरी नायब निरीक्षक भद्रसिंह वलिले बताए । उनले सो दुर्घटनामा परेर गम्भीर घाइते भएका राधेश्याम थारुको नेपालगञ्ज मेडिकल कलेजको नेपालगञ्ज शिक्षण अस्पतालमा उपचार भइरहेको जानकारी दिए ।

घटनाबारे प्रहरीले अनुसन्धान गरिरहेको पनि इलाका प्रहरी कार्यालय बैजापुरले जनाएको छ ।

# झोलुङ्गे पुलले जोडियो सुस्ता

**लुम्बिनी संवाददाता**
*परासी*

दुःखै दुःख झेलेका सुस्तावासीको दैनिकी नारायणी नदीमा बनेको झोलुङ्गे पुलले सहज भएको छ । मातृभूमिसँग जोडिन पाउँदा खुशी छाएको छ । नेपाली भूमिमा बस्दै आएका उनीहरुलाई नारायणी नदीले बिरानो बनाइदिएपछि अहिले बल्ल नेपाली भूमिसँग जोड्यो, झोलुङ्गे पुलले ।

झोलुङ्गे पुल बन्नुअघि सुस्तावासीले डुङ्गाबाट जोखिमपूर्ण यात्रा गर्दै आएका थिए । अहिले यहाँका नागरिकलाई अहिले नारायणी तर्न सहज हुनुका साथै देशसँगको अपनत्व बढेको छ ।

नारायाणी नदीमा पुल नहुँदा सुस्तावासी डुङ्गाबाट नारायणी तर्थे । त्यसपछि गाउँपालिका केन्द्र र जिल्ला सदरमुकाम परासी एवं अन्य विभिन्न काम सकेर फर्कन्थे । नारायणी नदीमा झोलुङ्गे पुल सञ्चालनमा आएपछि सुस्तावासीलाई भारतको भर पर्ने अवस्थाको अन्त्य भएको सुस्ता बचाउ अभियान कार्यबहाक अध्यक्ष एंव वडा नम्बर ५ का वडा सदस्य आदम खानले बताए ।

'पुल नहुँदा हामी भारतीय बाटो भएर हिड्नुपर्दथ्यो । त्यसबेला भारतीय सीमा सुरक्षा फौज एसएसबीको गाली गर्दा चुप लागेर हिड्थ्यौं ।'–उनले विगत सम्झिदै भने ।

करिब रु २३ करोड लागतमा निमार्ण सम्पन्न भएको पुलको एक हजार पाँच सय ७१ मिटर लम्बाई छ भने चौडाई १ दशमलवल ६ मिटर रहेको छ । २०७२ सालमा निर्माण सुरु भएको भए पनि ठेकेदारको लापरबाहीले ढिलाइ भएको हो । नेपाल विद्युत् प्राधिकरणले अहिले पुललाई प्रयोग गर्दै विद्युतीकरण गरेको छ । सुस्तामा ३ सय ५० घर छन् ।

**सुस्ताको विगत**

तत्कालीन राजा महेन्द्रले २०२२ सालमा सुस्तामा चार सय परिवारको बस्ती बसाले । त्यसपछि यहाका बासिन्दा सधैं भारतीय पक्षबाट कुटपीट र थिचोमिचोमा परे ।

२०२७ सालमा नापनक्सा गर्न खटिएको टोलीलाई नै भारतीय पक्षले लखेटेका थिए । सरकारले प्रहरी परिचालन गरेर नापनक्सा गरी २०३१ सालमा जग्गा धनीपुर्जा वितरण गरेको थियो । त्यसपछि स्थानीय ढुक्क भएर बसेका थिए । २०३४ सालमा नारायणी नदीले धार परिवर्तन गर्दा बस्ती बगरमा परिणत भयो, स्थानीय बिचल्लीमा परे ।

सरकारले अधिकांश बाढीपीडितलाई सुरक्षित स्थान भन्दै नारायणी नदीवारि स्थानान्तरण गऱ्यो । तर खनजोत र वर्षभरि गरिखाने जग्गा नारायणीपारि भएकाले विस्थापितहरू बिस्तारै फेरि पुरानै थातथलो फर्किए ।

२०४० सालमा भारतीय सुरक्षाकर्मीले नेपाली भूमिमा पसेर अतिक्रमण गर्नुका साथै दुर्व्यवहार गर्न खोज्दा सुस्तावासीले लखेटेका थिए । त्यसैलाई कारण बनाएर १० र १५ जना युवाविरुद्ध वारेन्ट जारी गरेर जुनसुकै समयमा पनि पक्राउ गर्न सीमा सुरक्षा बललाई निर्देशन दिएको थियो ।

वर्षौंदेखि बसोबास गर्दै आएका अधिकांशसँग नागरिकता छैन । सुस्तामा ३ सय ५० जना मात्र मतदाता रहेका छन् । उनीहरुले अब सरकारले नागरिकता दिनुपर्ने माग गरेका छन् ।

पश्चिम नवलपरासीको नेपाल-भारत सीमामा १६ वटा सीमास्तम्भ छन् । जिल्लाको सनहीदेखि कुडियासम्म सीमास्तम्भ भए पनि सुस्ताको २४ किलोमिटर क्षेत्रमा सीमास्तम्भ छैन ।



## सुस्ता पुल नागरिकको जोखिमपूर्ण यात्राको समाधान : राष्ट्रपति

**गौरीशंकर जयसवाल**
*नवलपरासी*

राष्ट्रपति रामचन्द्र पौडेलले नदी तरितराउको अभावमा वर्षौंदेखि सुस्ता क्षेत्रका नागरिकले आफ्नो दैनिक जीवन सञ्चालनका लागि डुङ्गाको भर परी जोखिमपूर्ण यात्रा गर्नुपर्ने अवस्थाबाट अब समाधान भएको बताएका छन् ।

उनले शहरी विकास मन्त्रालय, स्थानीय पूर्वाधार विभाग, सस्पेन्सन बृज डिभिजनद्वारा निर्मित त्रिवेणी महेशपुर (सुस्ता) मल्टिस्पान झोलुङ्गे पुलको उद्घाटन समारोहमा बिहीबार बोल्दै यो पुल निर्माणले उक्त समस्याको समाधान गरेकोमा खुसी व्यक्त गरे । डबल स्प्यानको सो झोलुङ्गे पुल १५७१ मिटर लामो छ ।

राष्ट्रपति पौडेलले यस झोलुङ्गे पुलको निर्माणले सुस्ता क्षेत्रमा उत्पादन हुने कृषि उपजले उपयुक्त बजार पाउने र यहाँका बासिन्दालाई आवश्यक पर्ने वस्तु तथा सेवाहरूको सहज पहुँच हुने अवस्था सिर्जना गरेको उल्लेख गर्दै सुस्ता क्षेत्रमा उपलब्ध नभएका शैक्षिक तथा स्वास्थ्य सेवाको सरल र सहज पहुँचमा योगदान पुग्ने विश्वास व्यक्त गरे ।

उनले पुलको अभावमा सरकारी सेवा लिन २-३ दिनको समय लगाएर जोखिमपूर्ण यात्रा गरी गाउँपालिकाको केन्द्र तथा सदरमुकाम पुग्नुपर्ने अवस्थाको अन्त्य भई अत्यावश्यक सेवा छोटो समयमै लिन सकिने अवस्था सिर्जना भएको पनि बताए ।

राष्ट्रपति पौडेलले हिन्दु धर्मावलम्बीहरूको पवित्र तपोभूमिको रुपमा रहेको त्रिवेणीधाम नजिकै रहेको नारायणी नदीमाथि निर्माण भएको नेपालकै लामो यस झोलुङ्गे पुलको निर्माणले यस क्षेत्रमा पर्यटकलाई समेत आकर्षित गर्ने सम्भावना बोकेको बताउँदै पुलको निर्माणले नेपालकै लामो झोलुङ्गे पुल भएको जिल्लाको रुपमा यस जिल्ला र क्षेत्रको नयाँ परिचय निर्माण भएको उल्लेख गरे ।

उनले नारायणी नदीपारिको भू-भागमा पुल निर्माण भइसकेपछि सोही झोलुङ्गे पुलको प्रयोग गरी विद्युतीय लाइन निर्माण गर्न सम्भव भएको र सुस्तावासीलाई उज्यालो प्रदान गर्ने कार्य सम्पन्न गरेकोमा निर्माणमा सहभागी सबैलाई धन्यवाद पनि दिएका थिए ।

विश्व पर्यटन दिवस :

# पर्यटन विकास सधैंको रटान, समस्या उस्तै

**कमजोर सडक पूर्वाधार लगायत पर्यटक मैत्री वातावरणको अभावमा मुलुकमा पर्यटन प्रवर्द्धन हुन सकेको छैन् ।**



**मोहम्मद हबिब**
*भैरहवा*

आज विश्व पर्यटन दिवस । नेपालसहित विश्वभर यो दिवस हरेक वर्ष २७ सेप्टेम्बरको दिन मनाइने गरिन्छ । भैरहवामा पनि हरेक वर्ष विविध कार्यक्रम गरी दिवस मनाइने गरिन्छ । नारा, भाषण र केही पर्यटकलाई सिमा बेलहियामा स्वागत गरेर मनाइने यो दिवस पर्यटन व्यवसायीको लागि पर्वको रुपमा रहेपनि पूर्वाधारले पर्यटकले पाएको सास्तीका कारण पर्यटन व्यवसायीको मन खिन्न भएको छ । स्थलमार्ग भई नेपालकै सबैभन्दा बढी पर्यटक भित्रिने नाका बेलहिया भए पनि यहाँको पूर्वाधार शून्य छ । पर्यटकको स्वागत विन्दु नै अस्तव्यस्त हुँदा पर्यटकहरुको पहिलो छाप नै गलत पर्ने गरे पनि सम्बन्धित निकाय वर्षौंदेखि मौन रहेको पाइएको छ ।

सडक पूर्वाधार, प्रवेशद्वार अलपत्र छाडिएको छ । भने पर्यटक सूचना केन्द्र पर्यटक प्रहरीको भरमा छाडिएको छ । पार्किङ

टिप्पणी

अभाव एकातिर छ भने अध्यागमन, स्वास्थ्य परीक्षण, भन्सार, रुट पर्मिटका लागि पर्यटकहरु कागज बोकी ठाउँ-ठाउँमा भौतारिनु पर्ने बाध्यता छ । सीमामा २४ सैं घण्टा सेवा दिनुपर्ने ठाउँमा दुवै देशको समन्वय हुनुपर्ने ठाउँमा बिहान ६ बजेदेखि राती १० बजेसम्म मात्रै सेवा दिइने गरिन्छ । सीमामा गरिएको अव्यवस्थित पार्किङले सधैं कोलाहल मच्चिएको हुन्छ भने हिलाम्मे र धुलाम्मे सडकले पैदल यात्रुलाई जोखिम नै छ ।

नारा र भाषणमा हरेक वर्ष एकद्वार प्रणालीमा लैजाने कुरा चले पनि दिवसको दिन मात्रै चर्चा हुने गरेको छ, त्यसपछि सेलाउँछ । जसो तसो पर्यटक सीमाबाट पार भए पनि सुरक्षाको नाममा सुरक्षाकर्मीहरुले विभिन्न बहानामा दुःख दिन भने अहिले रुपन्देहीको हकमा छाडेका छन् । जिल्ला प्रशासन कार्यालयको अगुवाइमा पर्यटकका लागि सीमामै एकिकृत जाँच पोस्ट गरेसँगै जिल्लाको हकमा केही सुधारको अनुभूत भएको छ ।

पर्यटनको विषयमा राज्य उदासिन हुँदा यस्तो समस्या सृजना भएको छ । यहाँ पर्यटनमा सम्भावनाहरु द

`खेर निजी क्षेत्रले अर्बौं लगानी गरी अहिले पीडामा छन् । भारतीय पर्यटक खर्चिलो भए पनि तेस्रो मुलुकका पर्यटक सरह नपर्नुले पर्यटन क्षेत्र मारमा पर्ने गरेको छ । राज्यले अन्तर्राष्ट्रिय विमानस्थल बनाएर पनि पूर्णत सञ्चालन गर्न नसक्दा पर्यटन व्यवसायी समस्यामा परेको व्यवसायी सागर अधिकारीले बताए ।

२०६२ सालमा जनाको दरबन्दीबाट आएको पर्यटक प्रहरीले सिमामा पर्यटक सूचना केन्द्र धानेको छ । नाम मात्रको सूचना केन्द्रमा कर्मचारी र आवश्यक पूर्वाधार नहुँदा पर्यटकले सास्ती भोगिरहेका हुन्छन् । सूचना केन्द्रको अवस्था यति नाजुक छ कि पर्यटकहरु पनि सूचनाको लागि यताउता भौतारिरहेका हुन्छन् । गौतमबुद्धको जन्मस्थल, विश्वभरका बौद्धमार्गीहरुको आस्थाको केन्द्र लुम्बिनी आउनेहरु सिमानाको अलपत्र र हिलाम्मे सडक, गेटको फलामे जञ्जाल, बिग्रीएका सवारी साधन र पुरानो गेटले नेपालको पर्यटनलाई गिज्याइरहेको छ । नेपाल प्रवेश गर्ने ढोकैमा देखिने यस्ता दृष्यले उत्साह बोकेर नेपाल घुम्न आउने पर्यटकको मन खिन्न हुने गरेको छ । नाका व्यवस्थित गर्न भने कसैको ठोस योजना देखिंदैन । पर्यटकको बसाई बढाउँदै अत्यधिक पर्यटक भित्र्याउन सहजता हुने किसिमको सूचना केन्द्रबाट हुनुपर्नेमा छैन, पर्यटकहरु सूचनाको लागि यताउता भौतरिरहेका हुन्छन् ।

नेपाल प्रवेश गर्ने बित्तिकै पर्यटकलाई हामी नेपाल प्रवेश गर्दैछौं भन्ने जानकारी पाउनका लागि पर्यटक सूचना केन्द्रमा केहीवेर विश्राम गर्ने, सूचना बोर्ड हेर्ने र नेपालका ऐतिहासिक धार्मिक पर्यटकीय गन्तव्यको बारेमा जानकारी दिने कुनै व्यवस्था नहुँदा पर्यटक अन्योलमा पर्ने गर्छन् ।

» बाँकी २ पेजमा



## सम्पादकीय

# उडान नियमित गर

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा कार्तिक १२ गतेदेखि कुवेतको जजीरा एयरवेजले उडान गर्ने भएको छ। जजीराले २०७९ जेठ २ गते भैरहवामा उडान गरेको थियो। केही समय उडान गरेपछि रोकेको जजीराले केही उडान गरेपछि अहिले रोकिएको थियो। अब जजीराले नियमित गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। नागरिक उडड्यन प्राधिकरणले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट उडान गर्ने विमानलाई विशेष सहुलियत दिने घोषणा गरेपछि विमान कम्पनी आकर्षित भएका छन्।

थाई एयर एशियाले अक्टोबर ३ मा थाइल्याण्डबाट काठमाडौंमा उडान सुरु गर्दैछ। सातामा चार उडान काठमाडौंमा र चार उडान भैरहवामा गर्ने गरी तालिका सार्वजनिक गरेसँगै अरु विमान कम्पनी पनि भैरहवाबाट उडान गर्न आकर्षित भएका छन्। राज्यले ठूलो लगानी गरी बनाएको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा विमानस्थल नचल्दा विमानस्थलमा गरेको लगानीप्रति नै प्रश्न उठिरहेको छ। भारतसँग हवाइ रूटको विषय सुल्झन नसक्दा पनि विमान कम्पनी आकर्षित गर्न नसकिरहेकोले सरकारले हवाइ रूटको विषय छिटो टुंगो लगाउनुपर्छ। नयाँ हवाइ रूटको विषय टुंगो नलाग्दासम्म विमानस्थललाई चलाउन पछिल्ला महिना भएका निर्णय सकारात्मक छन्। सरकारले भैरहवा र पोखरा विमानस्थलमा अन्तर्राष्ट्रिय वायुसेवालाई ल्याण्डिङ, पार्किङ ग्राउण्ड ह्वाण्डलिङ, सुरक्षा शुल्कमा दिँदै आएको छुटलाई निरन्तरता दिने, ग्राउण्ड ह्याण्डलिङ सेवामा ७५ प्रतिशत छुट, हवाइ इन्धनमा सहुलियत, यात्रु सेवा शुल्क र टिकटमा भ्याट छुट, अध्यागमन पूर्ण क्षमतामा सञ्चालन गर्ने, श्रम डेस्क स्थापना गर्ने, विभिन्न देशको भिसा सेन्टर स्थापना गर्नेलगायतका काम गर्ने कार्ययोजना सार्वजनिक गरेको छ। विमानस्थल चलाउनका लागि सरकारले अघि सारेको कार्ययोजनालाई कार्यान्वयनमा लैजान ढिलाइ गर्न हुन्न।

कार्ययोजनाअनुसार काम भए अरु विमान कम्पनी पनि आकर्षित हुनेछन्। तर कार्ययोजना बन्ने, तर कार्यान्वयन नगर्ने प्रवृत्ति कायमै भए नेपालको छवि अन्तर्राष्ट्रिय समुदायमाझ राम्रो जाने छैन। अन्तर्राष्ट्रिय समुदायमाझ राम्रो सन्देश दिन र विमानस्थल चलाउन कार्ययोजनालाई कार्यान्वयन गर्न आवश्यक छ।

# नेपालको चुच्चे नक्सा–दल नेताहरूलाई तातो दूध निलुकि थुकु



विन बहादुर कुँवर

*एमसीसी अमेरिकी परियोजना र बीआरआइ चिनियाँ परियोजनाप्रति पनि यिनीहरुको यस्तै दोहोरो आत्समर्पणवादी सोच प्रस्तुत गरिरहेका छन्। यसरी ढिलो चाँडो यिनीहरुले नेपाललाई त्रिपक्षीय भारत–अमेरिका र चीन) अन्तर साम्राराज्यवादी द्वन्द्वको अखडा बढाउनेतिर अग्रसर भइरहेका छन्। राष्ट्रघाती यी साम्राराज्यवादी दलालको यो बढ्दो चलखेल भनाइ र गराइले यही बताइरहेको छ।*

नेपाल अहिले पनि मूलतः अर्धसामन्ती र अर्ध औपनिवेशिक अवस्थामा नै रहेको मुलुक हो। यो अवस्थाबाट देशलाई मुक्त पार्न देशमा पूँजीवादी क्रान्ति नेपालको सन्दर्भमा नयाँ जनवादी क्रान्ति जरुरी छ। परम्परागत पूँजीवादी क्रान्ति सम्पन्न गर्न राष्ट्रिय पूँजीपति वर्गको नेतृत्व जरुरी हुन्छ। तर नेपालमा त्यस्तो राष्ट्रिय पूँजीपति वर्गको नेतृत्व नदेखिएकाले त्यसको नेतृत्व नेपालमा किसान-मजदुर वर्गले गर्नुपर्ने भएको छ। त्यसको स्वरुप नयाँ जनवादी अर्थात् मजदुर वर्गको नेतृत्वमा देशका तमाम किसान-मजदुर, देशभक्त-जनवादी, निम्न मध्यम र राष्ट्रिय पूँजीपति वर्गको संयुक्त मोर्चामा आधारित राष्ट्रिय मुक्ति संघर्ष नै गर्नुपर्ने हुन्छ। यो विना अर्थात् विद्यमान देशको अर्ध वा नवऔपनिवेशिक अवस्थालाई पूर्व रुपले खारेज गरी देशलाई पूर्ण रुपले स्वतन्त्र र स्वाभिमान नबनाई न देशको आर्थिक, सामाजिक र सांस्कृतिक क्रान्ति नै सम्भव छ। मूलतः पहिले पूँजीवादी क्रान्ति विना न समाजवादी क्रान्ति सम्भव छ न साम्यवादी लक्ष्य नै प्राप्त हुनेछ।

आज देशमा सामन्तवादको पूर्ण रुपले अन्त्य भएको घोषणा गरिएको छ। पूँजीवादको विकास भई अब देश 'समाजवाद' उन्मुख हुँदैछ, त्यसैले अबको क्रान्तिको स्वरुप भनेको समाजवादी क्रान्ति नै हो भन्न थालिएको छ। तर व्यवहारमा अहिले पनि देश सामन्ती शोषण र उत्पीडन व्याप्त छ। मिटर ब्याजे, लघुवित्त र सहकारी ठगी प्रकरण यसका उदाहरण हुन्। अहिले पनि धेरै जसो मान्छेको आनि, बानी, धर्म, संस्कार सबै सामन्तवादमा आधारित रुढिवादी परम्परामा आधारित छ। आर्थिक रुपमा सामन्तवादको पहिलो विकल्प पूँजीवाद नै हो, त्यसको विकास पछि मात्र समाजवाद हो। तर देशमा अहिले राष्ट्रिय पूँजीपतिको सट्टामा दलाल पूँजीपति र राष्ट्रिय पूँजीको विकल्पमा दलाल पूँजीको विकास बढी भइरहेको छ। यसबाट न देशको राष्ट्रिय पूँजीको विकास हुन्छ न देशको राष्ट्रियता र स्वाभिमानकै रक्षा बढी हुन्छ।

राष्ट्रिय पूँजीपति र पूँजीको प्रत्यक्ष साइनो देशको राष्ट्रियता र स्वाभिमानअन्तर्गत देशको राष्ट्रियता, जनतन्त्र र जनजीविकासँग छ भने दलाल पूँजीपति र पूँजीवादको साइनो देशका राष्ट्रघाती र जनघाती विश्व साम्राराज्यवादी र विस्तारवादी दलालहरुसँग बढी हुन्छ। आज देशमा यिनै साम्राराज्यवादी र विस्तारवादी दलालहरुकै बिगबिगी छ। मुखले चर्का चर्का राष्ट्रियता र स्वाभिमान र जनपक्षीय नारा र कुरा गर्ने तर खास व्यवहारमा पटकपटक राष्ट्र र जनघात गर्ने काम यहाँ भइरहेको छ। सुगौली सन्धि सम्झौताको निरन्तरतालाई अहिले पनि यथावत छ। सुगौली सन्धि-सम्झौता गर्ने राष्ट्रघाती दलालहरु जस्तै अहिले पनि नयाँ-नयाँ रुप रंगमा त्यस्ता दलालहरु यथावत नै छन्।

सुगौली सन्धि सम्झौताका लागि वृटिस साम्राराज्यवादसँग पहलकदमी गर्ने राष्ट्रघाती दलाल गजाधर मिश्र त्यही सन्धिलाई पुनः निरन्तरता गर्न दिने तत्कालीन राणा निरंकुश शासक मोहन समशेर अनि राजा त्रिभुवन साथै कांग्रेसी नेता बीपी, मातृका यी सबै साम्राराज्यवाद र विस्तारवादका राष्ट्रघाती दलालहरु नै हुन्। यसैको निरन्तरतालाई पछि राजा महेन्द्र र पूर्व पञ्चहरुले पनि गरे। भारत-चीन युद्धबाट लखेटिएको भारतीय सेना नेपालको पश्चिमी भू-भाग कालापानी, लिपुलेक र लिम्पियाधुरामा क्याम्प खोली बस्दा राम हेरी बस्ने राजा महेन्द्र र पञ्चेहरु पनि कम्ती राष्ट्रघाती छैनन्? फेरि त्यसैको निरन्तरता २०४६ पछि कांग्रेस-एमालेले महाकाली सन्धि सम्झौता गरे। त्यसपछि १० वर्षे माओवादी जनयुद्ध कालमा भएको ७ संसदीय दल र माओवादी बीचको १२ बुँदे दिल्ली समझदारी त्यही सुगौली सन्धि सम्झौताको निरन्तरताको अर्को उदाहरण हो। यी सबै सन्धि सम्झौताको जगमा बसेर भारतीय विस्तारवादले अहिले पनि नेपाललाई आफ्नै उपनिवेशको रुपमा हेर्दै आइरहेको छ। पटकपटकको नाकाबन्दी सबै यसैको उपज हो। त्यस्तै व्यवहार फेरि अर्थात् भारतीय रैतीकै जस्तो व्यवहार नेपालका आजसम्मका हरेक शासकहरुले पनि गर्दै आइरहेका छन्।

यो भारतीय अतिक्रमण अनि यसप्रति हरेक नेपाली शासक-दल नेताहरुको दलालीको निरन्तरता अहिले पनि रोकिएको छैन। हालै मात्र एक सांसद तथा नेकपा एसका नेता बेठमणि चौधरीले सार्वजनिक रुपमा खुलेर विभिन्न मिडियाहरुमा भनिरहेका छन्- नेपालको पश्चिमी भूभाग कालापानी-लिपुलेक र लिम्पियाधुरा भारतकै हो। त्यसका लागि उनले विभिन्न कुतर्क अघि सार्दै हिडिरहेका छन्। त्यस्तै कुतर्क पहिलो पटक सदनबाट नेपालको चुच्चे नक्सा पारित गराउँदा मधेसी दलकी सभासद सरिता गिरीले गरेकी थिइन्। त्यसो भने बापत उनको पार्टीले उनको सभासद खारेज गरी पार्टीबाट निष्काशन समेत गरेको थियो। तर दुःखको कुरा आफूलाई एउटा खाटी कम्युनिष्ट, देशभक्त र राष्ट्रवादी पार्टी भन्ने नेकपा (एस) ले सांसद बेठमणि चौधरीलाई त्यस्तो कुनै कारबाहीको प्रक्रिया चालेकै छैन। उक्त पार्टीका महासचिव घनश्याम भुसाल र अर्का सम्मानित नेता झलनाथ खनालले त्यसको विरोध गरे पनि अध्यक्ष माधव नेपालले उनको संरक्षण गरिरहेका छन्। किनकि माधव नेपाललाई सत्ता मोहले गाजेको छ। पुनः प्रधानमन्त्री बन्ने हुटहुटी छ। यसो भने बापत कसैलाई कारबाही गरे भारतीय नजरमा नपरिने उल्टो भारतीय तारो बनिने भय र त्रास सबै नेपाली दलाल शासकहरुमा छ। यसरी मूलत देशका हरेक दल नेताहरु कुनै न कुनै रुपमा साम्राराज्यवादी र विस्तारवादीहरुका दलाल राष्ट्रघाती देखिदै आएका छन्।

देशका यिनै पुराना दल (कांग्रेस, एमाले, माओवादी) प्रतिको विष्तृणालाई भजाएर खोलिएका नयाँ वैकल्पिक पार्टीहरु पनि विस्तारै त्यही कांग्रेस-एमाले र माओवादीहरुकै राष्ट्रघात अनुरुप अघि बढ्न थालेका छन्। हालै मात्र रास्वपा घण्टी पार्टीका एक नेताले एउटा पुरानो कथित मनोरिम डक्ट्रिनको हवला दिँदै नेपालले भारतको प्रभुत्वलाई स्वीकार्नु पर्दछ भनेका छन्। आफ्नो डाक्टरको विद्धतालाई सुवर्ण वाग्ले यसरी प्रस्तुत हुँदै हाकाहाकी लाजै नमानी भारतीय विस्तारवादको गुलामी गर्दैछन्। हुन त जस्ता गुरुका त्यस्तै चेला नेपाल एउटा छुट्टै स्वतन्त्र राष्ट्र नभएर एउटा इकाई राज्य अर्थात् भारतको प्रान्त भएको बताउने वीपी डक्ट्रिनलाई सुवर्ण वाग्लेले मनोरिम डक्ट्रिनसँग तुलना गर्नु कुनै अनौठो कुरा भएन। त्यति मात्रै होइन उक्त पार्टीका नेताहरु पटक-पटक गोप्य रुपमा भारतीय दुतावासमा गई सत्ताको लागि दलाली गर्ने गरेका समाचारहरु बाहिर आउने गरेका छन्।

माथि जसरी नेकपा (एस) का एक नेता बेठमणि चौधरीको जुन चर्चा गरे पनि नेपालको चुच्चे नक्साका लागि नेपालका मुख्य ठूला दल कांग्रेस-एमाले र माओवादीहरुले भारतसँग जुन खालको कुटनीतिक पहल कदमी गर्नु पर्दथ्यो त्यो पटक्कै गरेका छैनन्। मुखले चुच्चे नक्साको चर्चा गरे पनि खास व्यवहारमा यिनीहरुले केही पनि गरेका छैनन्। उल्टै भारतको हप्कीदप्की र डर-त्रासकै कारण भारतका अगाडि गरुडको छायामा सर्प परे जस्तै यी सबै चुपचाप त्वम शरणमा छन्। पटकपटक यी नेताहरु भारत भ्रमणमा भारतीय प्रम मोदीसँग भेटवार्ता गरे तर यो विषयलाई त्यहाँ उठाउन सकेनन्। हालै मात्र प्रम केपी ओलीले नेपाल-भारत बीचमा भएको इपिजीको प्रतिवेदन भारतले नबुझेकोमा ठूलै आपत्ति गरे। अहिले अमेरिकामा भारतीय प्रम मोदीसँग प्रम ओलीको भेटवार्ता भयो। तर यो कुरा ओलीले त्यहाँ उठाउन सकेनन्। खाली संचो विसंचो आदिमा मात्र त्यो भेटवार्ता सकियो। नेपालको चुच्चे नक्साको कुरा त परै छाडौं स्वयं मोदीकै समर्थनमा नेपाल-भारतका प्रभुत्व व्यक्ति समूहले तयार पारेको त्यो इपिजी प्रतिवेदनलाई समेत बुझ्नका लागि प्रम ओलीले मोदीलाई अनुरोध गर्न सकेनन्। यहाँ पछाडि चर्का चर्का भारत विरोधी कुरा गर्दै हिंड्ने तर सामुन्नेमा गरुडको छाया परे जस्तै लल्याक लुरुक होस हवास गुमाई हाल्ने जि हजुर भन्दै उल्टै उनीहरुकै दलाली र चाकडी गरेकै विगत परम्परालाई नै प्रम ओलीले यस पटक पनि दोहोराई नै छाडे।

हिजो एउटा सनकमा प्रधानमन्त्री ओली र यहाँका सबै दलहरुले नेपालको चुच्चे नक्सालाई सर्वसम्मत सदनबाट पारित त गराए। त्यस्तो नक्सा बनाई प्रचारप्रसार पनि गरे। तर भारत र अरु विश्वका सामु त्यसलाई त्यसरी प्रस्तुत गर्न सकिरहेका छैनन्। अहिले पनि त्यही पुरानै नक्सालाई यथावत गराइराखेका छन्। यति सम्मकि त्यसको प्रभावकै कारण अहिले हरेक वर्ष दशैं अगाडि नयाँ नेपाली नोट प्रिन्ट गरी बाहिर ल्याउने परम्परा थियो। तर त्यो अहिले भएन। कारण सय रुपैयाँको नोटमा नेपालको त्यो चुच्चे नक्सा अंकित गरिएकाले हो। अन्ततः यसले प्रम ओलीको त्यो खोक्रो राष्ट्रवादको खिल्ली उठाएको छ। कांग्रेस त जन्म जात नै वीपीकै अनुयायी नेपाल भारतको एउटा इकाई अर्थात् राज्य मात्रै हो भन्ने भास्यमा अहिले पनि अडिक नै छ।

यसमा कांग्रेस एमालेको मात्रै होइन भारतीय विस्तारवाद-मूर्दावाद भनी १० वर्षे माओवादी जनयुद्ध संचालन गरी आएको माओवादी समेतले त्यस्तै राष्ट्रघाती र आत्मसमर्पणवादी व्यवहार देखाउँदै आएको छ। उक्त चुच्चे नक्सालाई माध्यमिक लेवलको पाठ्यक्रममा समावेश गरी छापिएका साराका सारा पुस्तकहरुलाई नष्ट पारियो। जुन बेला माओवादी पार्टीकै नेता शिक्षा मन्त्री भएका थिए। त्यति मात्रै होइन स्वयं माओवादी अध्यक्षको पटकपटक भारतको भ्रमण गर्दा यो विषयलाई त्यहाँ उठाउन नै सकेनन्। यसले भारत अलि चिडिन्छ कि भनी त्यो नउठाएको प्रष्टीकरण प्रचण्डले त्यतिबेला दिएका थिए। वास्तवमा को चिडिन्छ र को खुसिन्छ भन्ने आधारमा देशको राष्ट्रियता र स्वाभिमानलाई तुलना गर्नु नै ठूलो राष्ट्रघात हो। यस्तो राष्ट्रघाती व्यवहार नेपालका यी शासक दलहरुले भारत सामु मात्रै होइन अमेरिकी साम्राराज्यवाद र चिनियाँहरुसँग पनि गर्दै आएका छन्। एमसीसी अमेरिकी परियोजना र बीआरआइ चिनियाँ परियोजनाप्रति पनि यिनीहरुको यस्तै दोहोरो आत्समर्पणवादी सौंच प्रस्तुत गरिरहेका छन्। यसरी ढिलो चाँडो यिनीहरुले नेपाललाई त्रिपक्षीय भारत-अमेरिका र चीन) अन्तर साम्राराज्यवादी द्वन्द्वको अखडा बढाउनेतिर अग्रसर भइरहेका छन्। राष्ट्रघाती यी साम्राराज्यवादी दलालको यो बढ्दो चलखेल भनाइ र गराइले यही बताइरहेको छ।

अन्त्यमा नेपालको चुच्चे नक्सा- दल नेताहरुका लागि तातो दूध निलुकु थुकु जस्तै भएको छ।

---

**पर्यटन ...**

तथ्याङ्क मात्रै राख्दै गरेको पर्यटक प्रहरीले पर्यटकको जिज्ञासा मेटाउन खोजे पनि बजेटकै अभावमा गर्न सक्दैनन्। पर्यटक सूचना केन्द्रमा कति प्रवेश गरे र कति बाहिरिए बाहेक पर्यटकका लागि कुनै थप सुविधा छैन। गर्मीले आकुल व्याकुल अवस्थामा आउने पर्यटकलाई पिउने पानी, शौचालयको व्यवस्था नै नहुँदा पर्यटकहरुले नेपालको पर्यटन क्षेत्रलाई विश्वास गर्न नसक्ने अवस्था आइरहेको छ। बेलहियामा रहेको पर्यटक सूचना केन्द्रमा ८ जना पर्यटक प्रहरी त छन्, तर पर्याप्त भौतिक पूर्वाधार र स्रोतको कमिले गर्दा यसले पर्यटकलाई सबै सूचना दिन भने सकेको छैन।

पर्यटक प्रहरीको सीमित साधनस्रोतले मौखिक रुपमा मात्र सूचनाहरु पर्यटकलाई दिने गरेको बताउँछन्। 'आफूसँग भएको जानकारी मौखिक रुपमा पर्यटकहरुलाई दिने गरेका छौं, होइन भने आएको गएको तथ्याङ्क मात्रै हामीले राख्ने गर्छौं।'-खटिएका एक पर्यटक प्रहरीले भनिन्।

कार्यालय आएका पर्यटकहरु पर्यटकीय गनतव्यका बारेमा पर्चा, पम्पलेट, नक्सा, ब्राउसर राख्नु पर्ने भए पनि केही छैन। पर्यटकको पहिलो छाप नै यहाँबाट राम्रो दिनुको साटो देशकै गलत सन्देश पहिलो विन्दुमा गरिएको सेवाबाट नै प्रष्ट हुन्छ। पर्यटन व्यवसायीहरुले पर्यटक सूचना केन्द्र व्यवस्थित हुनुपर्ने माग विभिन्न कार्यक्रमहरुमा गरेपनि न त सरकार नै गर्छ न निजी क्षेत्र नै।

नेपाल आउने तेस्रो मुलुकका पर्यटकहरुलाई भारतीय बसले नेपाल प्रवेश गराउँछ, सँगै आएका पथप्रदर्शकले भनेकै भरमा गलत वा सही जानकारी पर्यटकहरु लिने गर्छन्। भारतका बोधगया, कुशीनगरलगायत बुद्धसँग सम्बन्धित सबै ठाउँहरुमा भ्रमण गराएर पर्यटक स्वदेश फर्किन एकदुई दिन मात्र बाँकी छदा भारतीय गाइडले लुम्बिनी ल्याउने र सोही दिन फिर्ता लैजाने गरेका छन्। भारतीय सीमा हुँदै नेपाल भित्रिने क्रममा पर्यटकलाई भारतीय नम्बर प्लेटका गाडीहरु प्रयोग गर्न दिइनु आफैँमा ठूलो नोक्शानी हो।

स्थानीय गाइड भए पर्यटकले लुम्बिनी र यससँग सम्बन्धित तिलौराकोट, देवदह, रामग्राम, रोहिणी जस्ता पवित्र भूमिको विषयमा जानकारी पाई मनसाय परिवर्तन गरी एक दुई घण्टाको साटो केही दिन विताएर जाने वातावरण बन्न सक्छ।

नेपाल-भारत सीमा नाका बेलहियामा नेपाल प्रवेश गर्ने नाका नै अस्तव्यस्त छ। सिद्धार्थनगर नगरपालिकाले बनाउन लागिएको प्रवेशद्वार अलपत्र छाडिएको छ भने महिनौ दिनदेखि मुख्यद्वारमै जेसिबी राखिएको छ। महिनौदेखि राखिएको जेसिभीमा घास उम्रे पनि सम्बन्धित निकायको ध्यान जान सकेको छैन। सीमामा निर्माणाधिन अवस्थामा रहेको अलपत्र गेटले नेपाललाई नै लज्जित बनाएको छ। खिया लागेका फलामको फाउण्डेशन तयार गरेर बाँकी काम यतिकै छोड्दा पर्यटकलाई स्वागत गर्न सिद्धार्थनगर पालिकाले निर्माण गर्न लागेको गेटले नेपाललाई कुरुप चित्रण गरेको जस्तो लाग्छ। सिद्धार्थनगरलाई हरियाली, हराभरा, फूलैफूलको नगर भनेर चिनाउने नगर प्रमुख ईश्तियाक अहमद खाँनको सपनालाई समय थप गर्दा पनि निर्माण सम्पन्न नभएको यो अपुरो गेटले मजाक बनाइरहेको छ। लक्ष्मी निर्माण कम्पनीले १ करोड ६५ लाखमा ठेक्का सम्झौता गरे पनि म्याद थप गर्दै लड्एको छ। प्रवेशद्धार जस्तो नेपालको गरीमा जोडिएको सिमामा समयमा काम सम्पन्न गर्न नसक्ने ठेकेदार कम्पनीलाई नगरपालिकाले म्याद थप गर्दै गएको छ।

यस्तै निर्माण सुरु भएको आठ वर्षसम्म काम सम्पन्न गर्न नसकेको बुटवल बेलहिया सडकखण्डअन्तर्गत बेलहियाको यो फोहोर र हिलाम्मे सडकले गिज्याइरहेको अवस्थाले पर्यटकलाई नेपालप्रतिको नकारात्मक धारणा बनाउन सहयोग गरिरहेको छ। जसका कारण उनीहरु छिटोभन्दा छिटो लुम्बिनी पुगेर फर्किन चाहन्छन्। पटक पटक ताकेता गर्दा पनि काम गर्न नसकेर कालो सूचीमा परेको ठेकेदार कम्पनीले बिग्रीएको जेसीबी ५ महिनादेखि नेपाल प्रवेश गर्ने नाकामै ठडाएर राखेको छ। यस्तो लाग्छ पर्यटकलाई स्वागत गर्ने त्यही जेसीबी नै हो। तर यसलाई त्यहाँबाट हटाउनतर्फ कुनै निकायको ध्यान गएको छैन।

सडक विस्तारका क्रममा भत्काइएको अध्यागमन कार्यालय सम्पन्न नहुँदा करीब एक किलोमिटर टाढा रहेको अध्यागमन कार्यालय खोज्दा खोज्दै पर्यटक थाकिसकेका हुन्छन्, जसका कारण पर्यटकले हैरानी महसुस गरेको पाइन्छ। पर्यटकले शान्त, रमणिय र सुन्दर वातावरण, पारिवारिक आतिथ्यता चाहेको हुन्छ, तर नेपाल प्रवेश गरेदेखि लुम्बिनी पुग्दासम्मको सडकको दुर्दशा, सडकको दायाँबायाँ देखिने कवाड, वर्षौंसम्म अलपत्र पूर्वाधार, फोहोर डम्पिङ साइडको दुर्गन्ध आदि कारणले पर्यटकको मानसपटलमा नेपालप्रति नैराश्यता देखिने गरेको छ। अव्यवस्थित सडकका कारण सवारी दुर्घटना, असुरक्षित हवाइ यात्रा जस्ता विषयमा सरकार गम्भीर बन्न नसक्दा नेपालले पर्यटनको ठूलो अवसर गुमाइरहेको अवस्था छ।

पर्यटन विकासको कुरा गरीरहँदा हाम्रौ शैली पुरानै छ, पर्यटकहरुलाई हसिलो व्यवहार गर्नुका साटो पैसा धुत्ने भाडोको रुपमा लिने गरिएको नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य भिष्म न्यौपानेले बताए। उनले भने-'पर्यटकलाई शून्य विन्दुमै एकद्वार प्रणलीबाट भन्सार, अध्यागमन, रुट प्रर्मिट, स्वास्थ्य चेकजाँच, सुरक्षा चेकजाँचलगायतका फरक-फरक प्रक्रिया गर्न फरक फरक ठाँउमा जानु पर्ने बाध्यता हट्नु पर्छ।'

स्थलमार्ग भई आउने भारतीय पर्यटकहरुले पाइलै पिच्छे समस्या भोग्नु परेको उनले बताए। हामीले समस्या समाधानका लगि सम्बन्धित ठाउँ र केन्द्रसम्म पहल गरे पनि समाधान भएको छैन। नेपाल आउने प्रत्येक पर्यटक कुनै न कुनै माध्यमबाट समस्या र ठगीमा पर्ने गरेका छन। पर्यटकसँगै आएको भारतिय गाइडकै भरमा पर्यटकहरुले नेपाल सम्बन्धि जानकारी लिने गरेका छन्।

भारतीय गाडी हेर्न साथ प्रहरी प्रशासनको हेर्ने दृष्टिकोण नै फरक हुन्छ कसरी हैरान बनाएर पैसा धुत्ने, सिमा प्रवेश गर्न साथ पार्किङको समस्यादेखि लिएर विचौलियाहरुले भन्सार विन्दुमै पर्यटकहरुलाई खिन्न बनाउने गरेको स्थानीय व्यवसायीहरुको भनाइ छ। भन्सार अगाडि रहेको पार्किङ क्षेत्र सीमित अवधि र प्रक्रियाका लागि पार्किङ थलो भए पनि दिनभर गाडीहरु बसेर ट्राफिक जामले आवगमनमा समस्या भई सबैले सास्ती भोग्नु परेको छ।

**आठ महिनामा भित्रिए ५३ हजार पर्यटक**

स्थलमार्ग हुदै नेपालको सबैभन्दा बढी पर्यटक भित्र्याउने बेलहिया नाकाबाट सन् २०२४ को अगष्टसम्म ५२ हजार ४ सय ५२ जना पर्यटक आएका छन् भने ५३ हजार १ सय जना पर्यटक प्रस्थान गरेका छन्। कोभिडपछि शून्य अवस्थामा पुगेको पर्यटकको अवस्था विस्तारै बढ्न थालेपछि उत्साह छ। सबैभन्दा बढी मार्च महिनामा १७ हजार २ सय १४ जना पर्यटक नेपाल भित्रिएको देखिन्छ। आएका पर्यटक मध्ये पनि सबैभन्दा बढी श्रीलंकाका १४ हजार ८ सय ४८ जना आएका छन्। यस्तै थाइलैण्डका पर्यटक १२ हजार ५ सय २० जना आएका छन्। यस्तै म्यानमारको ८ हजार १४, भियतनामको ३ हजार ६ सय ८६, साउथ कोरियाको २ हजार २ सय ९९ जना रहेका छन्।

मुख्यताया यि देशका पर्यटकहरुको संख्या गत वर्ष यो अवधिमा आएका पर्यटकभन्दा धेरै हो। सन् २०२३ मा यो नाकाबाट ८१ हजार ५ सय ५१ जना विभिन्न देशबाट आएका थिए भने ७८ हजार ४ सय २३ जना प्रस्थान गरेको अध्यागमन कार्यालयका प्रमुख नारायणप्रसाद पाण्डेले बताए।

निजी क्षेत्र विना पर्यटनको विकास सफल नहुने भएकोले पर्यटन विकासका पूर्वाधार र कठिनाईका लागि सरकार संवेदनशील हुनुपर्छ। रात्रिकालिन बजार, टुर प्याकेजलाई पनि विशेष प्राथमिकतामा साथ अगाडि बढाउने जरुरी छ। बेलहियामा १५ वर्षदेखि सेप्टेम्बर २७ का दिन पर्यटनसम्बन्धी विभिन्न गतिविधि गरेर यो दिवस मनाउने गरिएको छ। सन् १९९७ को संयुक्त राष्ट्रसंघीय अवधारणा बनेपछि सन् १९८० देखि सेप्टेम्बर २७ का दिन विश्वभर विविध कार्यक्रम गरी विश्व पर्यटन दिवस मनाउन थालिएको हो।

हरेक वर्ष विश्व पर्यटन दिवसको अवसरमा सिमानाकामा पर्यटकलाई स्वागत गरेर पर्यटन दिवश मनाउनुभन्दा पर्यटकलाई सधैँ आउ आउ हुने वातावरणको सृजना सीमाको शून्य विन्दुबाट गर्न सक्नु पर्छ। अहिले पनि विश्व पर्यटन दिवस मनाउने तयारी भइरहँदा तीन तहको सरकार र निजी क्षेत्रको सहकार्यमा सीमामा पर्यटकका लागि सहज व्यवस्थापन, प्रहरीबाट हुने गरेको दुःख र सरसफाइ एवम् सुन्दरीकरणमा ध्यान दिन सके पर्यटन क्षेत्रबाट ठूलो सम्भावना रहेको छ।

**भैरहवा दुई दिन खाना महोत्सव र साँस्कृतिक साझ**

पर्यटन प्रवर्द्धन गरी सिथिल अवस्थालाई केही भए पनि चलायमान बनाउने अपेक्षाका साथ पर्यटन दिवसकै अवसरमा भैरहवामा दुई दिने सडक खाना महोत्सव तथा सांस्कृतिक कार्यक्रम गरिदैछ।

सिद्धार्थ होटल संघ नेपालको आयोजनामा सेप्टेम्बर २७ तारिख र त्यसको भोलिपल्ट २८ तारिख गरी दुई दिनसम्म आयोजना हुने कार्यक्रमको तयारी पूरा भएको छ। विगतको भन्दा फरक ढंगले ४५औं विश्व पर्यटन दिवस मनाउन लागेको अध्यक्ष चन्द्रप्रकाश श्रेष्ठ (सीपी)ले बताए।

स्थानीय र भारतीय पर्यटकहरुलाई लक्षित गर्दै बेलहिया बुटवल सडक खण्डको देवकोटाचोकदेखि आँखा अस्पतालसम्म क्षेत्रमा कार्यक्रम गर्न लागिएको छ। महोत्सवमा लुम्बिनी प्रदेशमा रहेका तारे होटल र स्थानीय ५० बढि स्टलहरु आफ्नो परिकारसहित आउने छन्। सडकमै खाउ सडकमै रमाउने भएकोले साझमा साँस्कृतिक कार्यक्रम पनि ख्याति प्राप्त कलाकारहरुबाट गरिने कार्यक्रम संयोजक विनोद खरेलले बताए।

**लुम्बिनीमा पर्यटकलाई स्वागत र सम्मान गरिने**

